आज मिति २०७१ साल पौष १६ गते खाँदबारी नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री युवराज आचार्य ज्यूको अध्यक्षतामा स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि,२०६९ बमोजिम गठिन खाँदबारी नगरस्तरिय आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्ग समन्वय समिति (सबै जात जातिका आर्थिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग दलित,आदीबासी/जनजाति, भिन्न क्षमता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग ) को बैठक निम्न बमोजिमका पदाधिकारीको उपस्थितिमा बसि निम्न अनुशार निर्णय गरियो ।

तपशिल

१. श्री युवराज आचार्य — अध्यक्ष (प्रमुख/कार्यकारी अधिकृत)

**बिशेष आमन्त्रित/जेष्ठ नागरिकको तर्फबाट :**

१. श्री पद्यमकेशर कार्की — अध्यक्ष (जेष्ठ नागरिक समाज, संखुवा सभा)

२. श्री सुभद्रा बज्राचार्य — बुद्धिजीबी एवं आदीबासी जनजातिको तर्फबाट

३. श्री लिलादेबी खनाल — महिला प्रतिनीधि एवं जेष्ठ नागरिक

४. श्री योगराज खड्क — जेष्ठ नागरिक समाज, संखुवा सभा

**आदीबासी जनजातिको तर्फवाट :**

१. श्री बिपीन तामाङ्ग — सचिव (आदीबासी जनजाति महासंघ, संखुवा सभा)

२. श्री धुवकुमार गान्छाकी — अध्यक्ष (नेपाल राष्ट्रिय मगर संघ)

**दलितको तर्फवाट प्रतिनीधि :**

१. श्री चकबहादुर बिसुन्के — (दलित बर्ग समन्वय समिति)

२. श्री सल्यान नेपाली — (दलित बर्ग समन्वय समिति)

३. श्री केशरबहादुर महते — (दलित बर्ग समन्वय समिति)

**अन्य :** १. श्री नेत्रप्रसाद अधिकारी — (बिश्व हिन्दु महासंघ)

२. श्री हेम भट्टराई — खाँ.न.पा. २

**कार्यालय प्रतिनीधि :**१. श्री खेमराज निरौला — सामाजिक बिकास अधिकृत,

२. श्री दिनेश कट्टेल — सदस्य सचिव (प्रशासकिय अधिकृत)

निर्णयहरु :

स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि, २०६९ बमोजिम आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्गहरुले प्रत्यक्ष फाईदा पाउने आयोजना तथा कार्यक्रमहरु छनौट गर्दा निम्न शिर्षकहरुमा तपशिल बमोजि छनौट गरि जानका लागी नीति निर्माण गर्ने र सोही बमोजिम रकम बिनीयोजन गरि लागु गर्न खाँदबारी नगरपालिकाको परिषद बैठक समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

शिर्षकहरु :

क) पूर्बाधार विकाश :

ख) सामाजिक / क्षमता बिकाश

ग) आर्थिक / सीप बिकाश

घ) संस्थागत बिकाश

**क) पुर्बाधार बिकास :**

१. खानेपानी तथा सरसफाई तर्फ साना तिना खानेपानी मुहानहरुको स्रोत संरक्षण ।

(खाँ.न.पा. १२ देबीथान धार मर्मत एवं उत्सव धारा ट्यांकी मर्मत, खाँ.न.पा. १० जनजाती संग्रालय नजिकको कुवा मर्मत, न.पा. भित्रका अति आबश्यक स्थानमा खानेपानीका मुहान स्रोत संरक्षण गर्ने ।)

२. सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम संचालन गर्न

(जस्तै : नेपाल मगर संघको भवन निर्माण, खाँ.न.पा. १२ स्थित गिद्धे चौतारामा मलामी पाटी निर्माण, खाँ.न.पा. १२ स्थित पिठाकोटे टोल देखि चौतारे सम्म जाने बाटो मर्मत )

३. सांस्कृतिक / पुरातात्वीक महत्वका ऐतिहाँसिक पूर्बाधार संरक्षण तथा मर्मतका बिषयमा लगानी गरि संरक्षणको व्यवस्था मिलाईने छ ।

- जस्तै : खाँ.न.पा. १ र ११ ढोलबाजे सामुदायिक बनमा रेवाहाङ्ग पार्क, खाँ.न.पा. १२ मुलसडक देखि कालीकादेबी मन्दिर सम्म जाने मोटरबाटो निर्माण । खाँ.न.पा. १० बौद धर्मावलाम्बीहरुको समाधिस्थल जग्गा खरिद एवं समाधिस्थल व्यवस्थापन, योग अभ्यास गर्ने स्थान निर्माण एवं व्यवस्थापन

४. नगर सरसफाई कार्यक्रम संचालन गरी नगर बासीहरुको स्वास्थ्य अभिबृद्धि गर्ने कार्यक्रम संचालन (जस्तै सक्सन मेशिन खरिद एवं संचालन)

५. चारबर देखि आरुबोटे सम्म जाने मोटरबाटो निर्माण, खाँ.न.पा. २

**ख) सामाजिक/ क्षमता बिकाश :**

१. लक्षीत बर्गका समुहलाई समेट्ने गरि खाँदबारी नगरपालिकाको गतिबिधी एवं लक्षीत बर्गका कार्यक्रमहरु स्थानिय एफ. एम. मार्फत जानकारी दिने लिने व्यवस्था मिलाईने छ साथै नगर गतिबिधिहरु बारेको बुलेटिन प्रकाशन को व्यवस्था ।

२. नगर भित्रका अगुवा महिला, अगुवा जनजाती, अगुवा दलितहरुलाई नेतृत्व बिकाशको तालिमको व्यवस्था मिलाईने छ ।

३. न.पा. जेष्ठ नागरिक सम्मान मनकामना बृद्ध आश्रममा बस्ने बृद्ध, बृद्धाहरु र नगर भित्रका अन्य बृद्धबृद्धाहरुलाई सम्मान कार्यक्रम ।

४. अपांगहरुलाई सम्मान गर्ने कार्यक्रमहरु

**ग) आर्थिक/सीप बिकास :**

१. जलबायु परिबर्तन र रेड प्लस अबधारणाका बारेमा सचेतना कार्यक्रम संचालन,

२. नगर भित्रका महिला, जनजाती, दलितहरु, बिपन्न बर्गशहरुका मानिसहरुलाई लोक सेवा आयोगको तयारी कक्षा संचालन ।

३. करेसाबारी सुधार एवं तरकारी उत्पादन सहयोग कार्यक्रम ।

आजको बैठक यहि अन्त्य गरियो ।